# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।१९ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

---

मालपोत कार्यालय चावहिलका तत्कालिन खरिदार पार्वतीरमण खनाल, तत्कालिन मालपोत अधिकृत राजकिशोर महतो र सानु भैरव प्रसाद पुडासैनीको आपसी सर सल्लाह, मिलोमतो र संलग्तामा मालपोत कार्यालय चावहिलमा रहेको भैरव प्रसाद पुडासैनिको नाममा श्रेस्ता कायम भएको जिल्ला काठमाण्डौं नयाँपाटी वडा नं २ (क) कित्ता नं १७७ को जग्गाको सरकारी निकायमा रहेको दर्ता श्रेस्ताको कागजातलाई गैरकानुनी तरिकाले हेरफेर गरी सानु भैरव प्रसाद पुडासैनीलाई जग्गाधनी भैरव प्रसाद पुडासैनी नै उल्लेख गरी जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी दिई लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको पुष्टि भएकाले तत्कालिन खरिदार पार्वतीरमण खनाल, तत्कालिन मालपोत अधिकृत राजकिशोर महतो र सानु भैरव प्रसाद पुडासैनीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम हदैसम्म सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

साथै मालपोत कार्यालय चावहिलका तत्कालिन खरिदार पार्वती रमण खनालले कार्यालयमा रहेको मि. नं. ७४ मिति २०५५/०६/०६ मा भैरव प्रसाद पुडासैनीको नामबाट नरदेवी पुडासैनीको नाममा नामसारी भएको सक्कल निर्णय मिसिल बुझीलिई उक्त मिसिल सम्बन्धित फाँटमा फिर्ता नबुझाई हानि नोक्सानी पुऱ्याई नष्ट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुर गरेको पुष्टि भएकाले तत्कालिन खरिदार पार्वतीरमण खनाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिम सजाय हुन समेत मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी